नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, बाँके
बाँके, नेपालगञ्ज

०८१-५२०१८८
०८१-५२०२५०
Fax: ०८१-५२०६७६
इमेल: cdonpj@gmail.com

पत्र संख्या: ०७७।०७८
चलानी नं :

मिति : २०७८।०१।१२

## बाँके जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

विश्वव्यापी महामारीको रूपमा फैलिरहेको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को संक्रमण हालका दिनमा तीव्र दरमा बढीरहेको अवस्थालाई गम्भिरतापूर्वक लिंदै नेपालगञ्ज उप-महानगरपालिका क्षेत्रभित्र लागुहुने गरी मिति २०७८।१।८ मा अत्यावस्यक सेवा बाहेकका अन्य सेवा र कार्य तथा हिंडडुल समेत निषेध गर्ने गरी आदेश जारी भै अद्यापि कायमै रहेको, उक्त क्षेत्र बाहेक जिल्ला भरि नै सक्रमणको दर बढिरहेको अवस्थामा कोहलपुर नगरपालिकाको नगरस्तरीय कोभिड-१९ नियन्त्रण तथा व्यवस्थापन समितिको मिति २०७८।०१।११ गतेको वैठकबाट कोहलपुर नगर क्षेत्रभित्र निषेधाज्ञा जारि गर्न शिफारिस भइ आएको समेत आधारमा संक्रमण फैलावटको साङ्लो तोड्न (Chain Break गर्न) र सो को रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी बनाउन नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७८।०१।०६ को आदेश, संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम **बाँके जिल्ला भरि मिति २०७८ वैशाख १३ गते राती १२ बजेदेखि वैशाख २० गते राती १२ बजेसम्म** देहाय अनुसारका अत्यावश्यक सेवा र सो का लागि प्रयोग हुने सवारी साधन वाहेक अन्य सबै प्रकारका सेवा (बैंक तथा वित्तीय संस्था समेत), सवारी साधन, पसल व्यवसाय, हाटबजार सञ्चालन र अत्यावश्यक काम वाहेकको हिडडुलमा समेत निषेध गर्ने गरी यो आदेश जारी गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

### देहाय

#### सञ्चालन गर्न पाइने सेवा एवं कार्यहरू

स्वास्थ्य, शान्ति सुरक्षा, विद्युत, दुरसञ्चार, खानेपानी, फोहरमैला व्यवस्थापन, ग्यास, पेट्रोलियम पदार्थ, तरकारी, खाद्य तथा दुग्ध पदार्थ, औषधी पसल, बैंकको ATM सेवा जस्ता अत्यावश्यक सेवाहरू एवं सार्वजनिक निर्माण कार्य, पूर्वनिर्धारित परीक्षाहरू र हवाई सेवा।

#### सञ्चालन गर्न पाइने साधनहरू

एम्बुलेन्स, शववाहन, दमकल, झण्डावाल सवारी र निलो (कुटनीतिक) प्लेटका सवारी साधनहरू, लामो दुरीका सवारी तथा मालवाहक साधनहरू, निर्माण सामग्री ढुवानीका साधनहरू, अत्यावश्यक सेवा सञ्चालनमा खटिएका जनशक्तिले प्रयोग गरेका सवारी साधनहरू, अनुमति (पास) प्राप्त सवारी साधनहरू।

माथि उल्लिखित सेवा एवं कार्यमा संलग्न कर्मचारी/व्यक्तिहरूले अनिवार्य रूपमा कर्मचारी परिचय पत्र एवं अन्य सान्दर्भिक कागजात साथमा राखेको हुनुपर्नेछ साथै मास्क, भौतिक दुरी लगायत जनस्वास्थ्यका मापदण्डको अनिवार्य पालना गरी दैनिक उपभोग्य वस्तु (तरकारी, खाद्य, दुध, ग्यास) का पसल विहान ६ बजेदेखि ९ वजेसम्म मात्र सञ्चालन गर्न पाइनेछ।

यस आदेशको अवज्ञा वा अवहेलना गर्ने वा काममा बाधा पुर्याउने व्यक्तिलाई संक्रामक रोग ऐन, २०२० र स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम कारवाही हुनेछ।

२०७८।१।१२

शिवराम गेलाल
प्रमुख जिल्ला अधिकारी